# धनकुटा नगरपालिका

# स्थानीय राजपत्र

धनकुटा नगरपालिकाद्वारा प्रकाशित

खण्ड ५) मिति २०८१ साल चैत्र ३१ गते (संख्या १२

## भाग १

## धनकुटा नगरपालिकाको लैङ्गिक हिंसा न्यूनीकरणका लागि पुरुष सञ्जाल (गठन तथा सञ्चालन) कार्यविधि, २०८१

**प्रस्तावना:**

लैङ्गिक हिंसा न्यूनीकरण समाजको साझा सरोकारको विषय भएकाले यसलाई महिलाको एकल सरोकारको विषयको रूपमा हेर्ने र बुझ्ने प्रवृत्तिले अन्य सरोकारवालाहरू यस समस्याको समाधान प्रति संवेदनशील नहुने जोखिम रहेको साथै यस समस्यालाई समग्रतामा सम्बोधन गर्न पुरुषको सहभागिता र भूमिका

अपरिहार्य भएकाले नेपाल सरकार महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले महिला तथा बालबालिका उपर हुने हिंसा न्यूनीकरणका लागि पुरुष सहभागिता रणनीति, २०७५ कार्यान्वयनमा ल्याएको छ । यस रणनीतिको बुँदा नं. ५ बमोजिम धनकुटा नगरपालिकामा संचालन गरिने लैङ्गिक हिंसा विरुद्धका अभियानहरूमा पुरुषहरूको सहभागिता प्रवर्धन गर्ने प्रयोजनका लागि धनकुटा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) ले दिएको अधिकार प्रयोग गरी धनकुटा नगरपालिकाले यो कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ ।

## परिच्छेद– १
## प्रारम्भिक

१. सङ्क्षिप्त नाम र प्रारम्भः) १ (यस कार्यविधिको नाम "लैङ्गिक हिंसा न्यूनीकरणका लागि पुरुष सञ्जाल (Male Leader Network) (गठन तथा सञ्चालन) कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यालय" भन्नाले नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

(ख) "नगरपालिका" भन्नाले धनकुटा नगरपालिकालाई सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले धनकुटा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(घ) "प्रमुख" भन्नाले धनकुटा नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(ङ) "लैङ्गिक हिंसा" भन्नाले सार्वजनिक वा निजी जीवनमा लैङ्गिकताको आधारमा कसै प्रति शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउने कार्य सम्झनु पर्दछ र सो शब्दले लैङ्गिक आधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारको अपमानजन्य, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दबाव, करकाप वा स्वेच्छाचारी रूपमा महिलालाई





स्वतन्त्रताको उपभोग गर्नबाट वञ्चित गर्ने जुनसुकै कार्य समेतलाई जनाउँदछ ।

## परिच्छेद – २
## उद्देश्य

३. उद्देश्यः लैङ्गिक हिंसा न्यूनीकरणका लागि पुरुष सञ्जाल गठन तथा सञ्चालनका उद्देश्य देहाय बमोजिम रहेका छन्

(क) लैङ्गिक समानता प्राप्तिका लागि पुरुषको सकारात्मक भूमिका प्रवर्धन गर्दै असल अभ्यासहरूको अवलम्बन गर्ने,

(ख) पितृसत्तात्मक सोच र व्यवहारबाट उत्पन्न लैङ्गिकतामा आधारित हिंसा न्यूनीकरण गर्न पुरुष सहभागिता बढाउने,

(ग) लैङ्गिक समानता स्थापित गर्न र लैङ्गिक हिंसा न्यूनीकरण गर्न नीति, ऐन, नियम, योजना तथा कार्यक्रमको प्रचार प्रसार र कार्यान्वयनमा पुरुषको संलग्नता वृद्धि गर्ने,

(घ) लैङ्गिक हिंसा न्यूनीकरण सम्बन्धी नीति तथा कार्यक्रम निर्माणमा नगरपालिकालाई रचनात्मक पृष्ठपोषण गर्ने ।

## परिच्छेद– ३
## पुरुष सञ्जाल गठन र सञ्चालन सम्बन्धी व्यवस्था

४. पुरुष सञ्जाल सदस्यको योग्यताः (१) पुरुष सञ्जाल सदस्यहरूको योग्यता देहाय अनुसार हुनेछ ।

(क) सार्वजनिक तथा निजी जीवनमा ख्याति प्राप्त र सामाजिक रूपमा आदर्श मानिएका पुरुष,

(ख) लैङ्गिक हिंसाको अवधारणा बुझेको र यसको न्यूनीकरणका लागि महिला तथा पुरुषको संगठन तथा सञ्जाल मार्फत उदाहरणीय र नेतृत्वदायी भूमिका निर्वाह गरेको पुरुष,

(ग) लैङ्गिक हिंसा न्यूनीकरणका लागि कार्य गर्ने संघ संगठनहरूलाई आफ्नो क्षेत्रबाट सहयोग तथा समर्थन गरेका पुरुष,



CS CamScanner

(घ) समाज रुपान्तरण गर्नुपर्छ भन्ने ईच्छा शक्ति भएको पुरुष,

(ङ) लैङ्गिक हिंसा न्यूनीकरणको क्षेत्रमा उल्लेखनीय योगदान गरेका व्यक्ति ।

(२) सार्वजनिक जीवनमा अयोग्य ठहरिएका र व्यक्तिगत तथा सामाजिक जीवनमा लैङ्गिक हिंसा गरेका प्रमाणित भएका व्यक्तिहरू पुरुष सञ्जाल सदस्य हुन योग्य हुने छैनन् ।

५. <u>पुरुष सञ्जालका सदस्यहरूको नियुक्ति प्रक्रिया:</u>) १ (पुरुष सञ्जालका सदस्यहरूको नियुक्तिको लागि निजी तथा सार्वजनिक क्षेत्र जस्तैः समाज सेवा, कलाकारिता, चलचित्र, गायन, नाटक, पत्रपत्रिका, साहित्य, खेलकुद, विज्ञान तथा प्रविधि, स्वास्थ्य, शिक्षा, सरकारी सेवा, राजनीति र व्यापार व्यवसाय जस्ता निजी क्षेत्र र अन्य क्षेत्रमा समेत ख्याति प्राप्त गरेका आदर्श पुरुषहरूको वडागत सूची तयार गरिनेछ र सोही सूचीबाट नगरपालिकाले पुरुष सञ्जालका सदस्यहरू छनौट गरी नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्ति प्रकृयाका लागि नगरपालिकाको कार्यालयले १५ (पन्ध्र) दिने सार्वजनिक सूचना आव्हान गरी अनुसूची -१ बमोजिम प्राप्त निवेदनका आधारमा सूची तयार गर्नेछ ।यस कार्यका लागि नगरपालिकाले वडा कार्यालय र अन्य स्रोतहरूको समेत सहयोग लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएका निवेदन उपर जाँचबुझ गरी दफा ४ बमोजिम योग्यता पुगेका व्यक्तिलाई नगर कार्यपालिकाले पुरुष सञ्जालको सदस्य छनौट गर्नेछ

६. <u>पुरुष सञ्जालको गठन:</u> नगरपालिकाले पुरुष सञ्जाल गठन देहाय बमोजिम हुनेछः

१. कार्यपालिकाले छनौट गरेका सदस्यहरूमध्येबाट नगरस्तरमा न्यूनतम ३५ सदस्यीय नगरस्तरीय पुरुष सञ्जाल गठन हुनेछ ।

२. दफा ६ को उपदफा (१) बमोजिम गठित सदस्यहरूमध्येबाट एक संयोजक सहित पदाधिकारीहरूको गठन हुनेछ ।





३. नगरस्तरीय पुरुष सञ्जालको बैठक सञ्चालन सम्बन्धी कार्यविधि नगरस्तरीय पुरुष सञ्जालले आफैले तयार गर्नेछ ।

४. सञ्जालको बैठक कम्तिमा तीन महिनामा एक पटक वा आवश्यकता अनुसार बस्नेछ। बैठकको चियाखाजाको व्यवस्था नगरपालिकाले गर्नेछ ।

७. <u>पुरुष सञ्जालका सदस्यहरूको पदावधि:</u> (१) लैङ्गिक हिंसा न्यूनीकरणको लागि तोकिएको पुरुष सञ्जाल सदस्यहरूको पदावधि तीन वर्ष हुनेछ । नियुक्ति गर्ने पक्षले निजहरूको पदावधि थप गर्न सक्नेछ। तर, सदस्यहरूले चाहेमा नगरपालिकालाई जानकारी दिई सञ्जालबाट हट्न सक्नेछन् ।

(२) पुरुष सञ्जालका सदस्यहरूबाट दफा ४ को उपदफा (२) अनुसारको कार्य गरेमा उनीहरूको सदस्यता स्वतः निष्कृय हुनेछ ।

८. <u>पुरुष सञ्जालका सदस्यहरूको सेवा सुविधा सम्बन्धी व्यवस्था:</u>) १ (पुरुष सञ्जालका सदस्यहरूले धनकुटा नगरपालिकाको लैङ्गिक हिंसा न्यूनीकरणको लागि समुदायस्तरमा सद्भावना दूतको रूपमा काम गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्य अवैतनिक हुनेछ । तर कुनै कार्यक्रममा सहभागी गराउँदा नगरपालिकाको नियमानुसार दैनिक तथा भ्रमण खर्च र तोकिए बमोजिमको अन्य सुविधा उपलब्ध गराउन सक्नेछ

९. <u>पुरुष सञ्जालका सदस्यहरूको मुख्य भूमिका:</u> पुरुष सञ्जालका सदस्यहरूको मुख्य भूमिका निम्नानुसार रहेका छन् ।

(क) आफ्नो घर परिवारलाई लैङ्गिक हिंसामुक्त नमूना परिवारको रूपमा स्थापित गराउने,

(ख) लैङ्गिक हिंसा विरुद्ध सञ्चार माध्यम लगायत अन्य उपयुक्त सार्वजनिक माध्यमबाट प्रचार प्रसारमा सहयोग पुऱ्याउने,

(ग) युवाहरूमा हिंसा विरुद्धको भावना विकास गर्न सडक नाटक, सचेतना कार्यक्रम, टेलिश्रृंखला, वृत्तचित्र, चलचित्र निर्माण तथा प्रदर्शनमा सहयोग पुऱ्याउने कार्यमा संलग्न हुने,

(घ) लैङ्गिक हिंसा विरुद्धका क्षेत्रमा कार्यरत व्यक्ति, संघ संस्थाहरूलाई सहयोग तथा त्यस्ता संस्थासँग सहकार्य गर्ने,

(ङ) महिला तथा बालबालिका उपर हुने जुनसुकै प्रकारका हिंसा विरुद्ध शून्य सहनशीलताको लागि सक्रिय रूपमा प्रस्तुत हुने ।

१०. <u>पुरुष सञ्जाल सदस्यहरूको कार्यक्षेत्र:</u> (१) पुरुष सञ्जाल सदस्यहरूको कार्यक्षेत्र निम्नानुसारको रहनेछ ।

(क) लैङ्गिक हिंसाविरुद्धका नीति तथा कार्यक्रमहरूको विषयमा समीक्षा गरी रचनात्मक ढंगले पृष्ठपोषण गर्ने,

(ख) लैङ्गिक हिंसामुक्त समाजको निर्माण गर्न क्षेत्रगत कार्यक्रमहरू तर्जुमा गराउन सुझाव दिने,

(ग) महिला, बालबालिकाको जीवनमा गुणात्मक परिवर्तन ल्याउन समाजमा विद्यमान असमानताहरूको पहिचान गरी लैङ्गिक विभेद कम गर्न क्रियाशील रहने,

(घ) लैगिक हिंसासंग सम्बन्धित तथ्याङ्क संकलन गर्ने कार्यमा सहयोग पुऱ्याउने ।

(ङ) जोखिम उन्मुख क्षेत्र, स्थान, मार्ग, समाजमा हुने हिंसाको कारकतत्व पत्ता लगाई सम्बधित निकायमा जानकारी गराउने,

(च) समाजमा विद्यमान कुप्रथा, कुरीतिका विरुद्ध समाज रुपान्तरण गर्न संवाहकको रूपमा कार्य गर्ने,

(छ) लैङ्गिक हिंसा न्यूनीकरण गर्न सहयोग पुऱ्याउने गरी सृजनात्मक अभिव्यक्ति लेख रचना प्रकाशन/प्रसारण गर्ने/गराउने,

(ज) नगरपालिकाले विभिन्न हिंसा विरुद्धका दिवस तथा अन्तर्राष्ट्रिय महिला दिवस मनाउने सन्दर्भमा संचालित कार्यक्रमहरूमा सक्रिय रूपमा सहभागी हुने ।





११. <u>पुरुष सञ्जाल सदस्यहरूको विस्तार: (१)</u> प्रत्येक वर्ष दफा (४) मा उल्लिखित योग्यता पुगेका युवा तथा पुरुषहरूलाई पुरुष सञ्जालका सदस्यहरूको रूपमा नियुक्त गरी पुरुष सञ्जालको विस्तार गर्न सकिनेछ ।

(२) नगरपालिकालाई आवश्यक लागेमा वडा कार्यालय अन्तर्गत रहने गरी वडास्तरमा पुरुष सञ्जाल विस्तार गर्न सक्नेछ ।

१२. <u>पुरुष सञ्जाल सम्बन्धी अन्य व्यवस्था:</u> (१) पुरुष सञ्जालका सदस्यहरूको परिचालन नगर कार्यपालिकामा रहेको स्वास्थ्य तथा सामाजिक विकास शाखा मार्फत हुनेछ र यस सम्बन्धी अन्य व्यवस्था नगरपालिकाले तोके बमोजिम हुनेछ ।

(२) नगर कार्यपालिकाको कार्यालयले पुरुष सञ्जाल सदस्यहरूलाई तोकिए बमोजिमको परिचयपत्र प्रदान गर्नेछ ।

(३) पुरुष सञ्जालको बैठक तथा भेला आवश्यकता अनुसार नगरपालिकाले बोलाउनेछ ।

## परिच्छेद – ४
## विविध

<u>१२.संशोधन:</u> यस कार्यविधिमा संशोधन गर्नुपर्ने भएमा नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

<u>१३.प्रचलित कानून बमोजिम हुने:</u> यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।



CamScanner

## अनुसूची-१

## पुरुष सञ्जाल सदस्यले नगरपालिकामा पेश गर्ने निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
धनकुटा नगर कार्यपालिकाको कार्यालय
धनकुटा ।

विषयः पुरुष सञ्जाल सदस्य नियुक्ति सम्बन्धमा ।

प्रस्तुत विषयमा पुरुष सञ्जाल सदस्य नियुक्त गर्ने धनकुटा नगरपालिकाको मिति ................ को सूचना अनुसार लैङ्गिक हिंसा न्यूनीकरण गर्ने कार्यमा गठन हुने पुरुष सञ्जाल सदस्य बनेर यस क्षेत्रमा योगदान गर्ने ईच्छा भएकाले मलाई पुरुष सञ्जाल सदस्यमा नियुक्त गरिपाउँ भनी यो निवेदन पेश गरेको छु ।

निवेदक ........................

नामः

ठेगानाः

सम्पर्क फोन नम्बरः

हाल संलग्न रहेको पेसा/क्षेत्रः

मितिः

(कार्यविधिको संक्षिप्त विवरण- दफा १ र पाना संख्या )

आज्ञाले,
दशरथ राई
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner